# शैलुङ गाउँपालिका
## Shailung Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipal भ्हभअगतष्खभ

काटाकुटी, दोलखा
Katakuti, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepalss

मिति : २०७७/०७/१९

**नयाँ बहुउद्दश्यीय नर्सरी स्थापना कार्यक्रम संचालन गर्नको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ॥**

**(प्रथम पटक सूचना प्रकाशित मिति :२०७७/०७ /१९ गते**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व.२०७७/०७८ को लागि नेपाल सरकार सशर्त अनुदान तर्फको स्वीकृत कार्यक्रम अर्न्तगत **नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम संचालन** गर्नको लागि इच्छुक यस शैलुङ गाउँपालिका भित्रका कृषक/कृषि समुह /कृषि सहकारी/निजी फर्महरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलका आधार तथा मापदण्ड पुरा गरी निवेदन साथ कृषकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,कृषक समूह/कृषि सहकारी /निजि फर्महरुको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि,कर चुक्ताको प्रतिलिपि,स्थायी लेखा नम्बर(PAN) प्रमाणपत्रको प्रतिलिपि, कृषक समुह/कृषि सहकारीहरुको हकमा निर्णयको प्रतिलिपि सहित यस शैलुङ गाउँपालिकाको कृषि विकास शाखामा रित पुर्वक आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागि ९८४९७३९९८६

**तपशिल:**

१. बहुउद्देश्यीय नर्सरी स्थापनाका लागि मुख्य उत्पादन फलफूलका बिरुवा र अन्य उत्पादनमा तरकारी,आलंकारीक बिरुवा समेत समावेश गर्न सकिने छ र स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रममा दर्ता भएको फलफूल नर्सरीलाई मात्र कार्यक्रममा समावेश गर्न सकिनेछ ।

२.सम्बन्धित बालीको बिरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानिको दृष्टिकोणबाट उपयुक्त स्थानमा नर्सरी अवस्थित हुनु पर्नेछ । सुन्तल ाजात फलफूल नर्सरीको हकमा समुद्री सतहबाट १२०० मीटर भन्दा माथि मात्र नर्सरी स्थापना गर्नु पर्नेछ ।

३. जग्गाको हकमा जालीघरमा भए २ रोपनी र खुला जग्गामा भए कम्तीमा ५ रोपनी हुनुपर्ने ।

४. भाडाको जग्गाको हकमा कम्तीमा १० वर्ष करारमा लिएको सम्झौता पत्रको प्रतिलिपि ।

५. नयाँ स्थापित बहुउद्देश्यीय नर्सरी तथा क्षमता अभिबृद्धि गरिएको नर्सरीहरुको हकमा बार्षिक रुपमा कम्तिमा १०००० देखी १५००० गुणस्तरीय फलफूल विरुवा उत्पादन क्षमता भएको हुनु पर्नेछ ।

६. नर्सरीमा बिरुवा उत्पादन सम्बन्धि तालिम लिएको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

७. कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहने व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

८.बर्षैभरी पानीको उपलब्धता सुनिश्चित, बिजुली तथा संचार सुविधा भएको हुनुपर्ने ।

९.वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरी लयाउनु पर्नेछ ।

२०७७/०७/१९

राजु प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत